देवः विकास बैंक लिमिटेड
Deva Bikas Bank Limited
नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त "ख" बर्गको वित्तीय संस्था (राष्ट्रिय स्तरको विकास बैंक)
काठमाण्डौं महानगरपालिका वडा नं. १, विणा मार्ग, लालदरबार, नेपाल
फोन नं. : ०१-४२५६७१७, ४२५६६५७, फ्याक्स नं. ०१-४२५३४५९, ४२५१६५३
E-mail: info@devabank.com.np, URL: www.devabank.com.np

मिति: २०७३ /   /

को

हकप्रद साधारण शेयर खरिद दरखास्त फाराम

सि.नं.

मार्फतः NIBL CAPITAL
एनआईबिएल क्यापिटल मार्केट्स लि.
(A Subsidiary of Nepal Investment Bank Limited)
पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल, फोनः ४००५०८०, फ्याक्सः ४००५०८४
Email: info@niblcapital.com Website: www.niblcapital.com

कोड नं. ☐☐☐

शेयरधनी नं./परिचय नं.

हितग्राही खाता नं.	**DP ID**	**Client ID**

श्री संचालक समिति,
देवः विकास बैंक लिमिटेड
लालदरवार, काठमाडौं, नेपाल ।

महाशय,

त्यस विकास बैंकबाट प्रकाशित "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" अनुसार मिति २०७३/९/१८ गतेका दिनसम्म मेरो/हाम्रो नाममा त्यस विकास बैंकको जम्मा .... कित्ता शेयर कायम रहेको र सो शेयरको शतप्रतिशत रकम चुक्ता भुक्तान भैसकेको हुँदा कम्पनीले जारी गरेको दुई शेयर बराबर एक शेयर (२ : १) को अनुपातमा .... कित्ता शेयर खरिद गर्ने हक मेरो/हाम्रो रहेकोमा .... कित्ता तथा हक हस्तान्तरण भै आएको .... कित्ता गरि जम्मा...............कित्ता हकप्रद शेयर खरिद गर्न इच्छा भएकोले यो निवेदन पेश गरेको छु/छौं । त्यस विकास बैंकको नियमानुसार गर्न मेरो/हाम्रो मञ्जुरी भएकोले उल्लेखित शेयर पाउन अनुरोध गर्दछु/गर्दछौं ।

मिति २०७३/९/१८ गते सम्ममा कायम साविकको शेयर संख्या		**लिन चाहेको शेयर संख्या**	
भौतिक रुपमा कायम रहेको		कायम हक बमोजिम लिन चाहेको शेयर संख्या	
अभौतिक रुपमा कायम रहेको		हक हस्तान्तरणबाट लिन चाहेको शेयर संख्या	
जम्मा शेयर संख्या (अंकमा)		जम्मा शेयर संख्या (अंकमा)	
अक्षरमा		अक्षरमा	

हक हस्तान्तरण गरिदिनेको शेयरधनीको हितग्राही नं.				
हक हस्तान्तरण गरिदिनेको शेयरधनी नं.				
प्यान नं.		प्रति शेयर रु.१००/- को दरले बुझाएको रकम जम्मा रु.		
अक्षरेपी रुपैयाँ				
चेक खिचिएको बैंक वा वित्तीय संस्थाको नाम र ठेगाना		चेक नं.		
रकम बुझाएको संकलन केन्द्रको नाम र ठेगाना		भौचर/ड्राफ्ट नं.		
निवेदकको पूरा नाम	नेपालीमा	श्री/श्रीमती/सुश्री/नाबालक		
	In English	Mr./Mrs./Miss/Minor		USE CAPITAL LETTER
स्थायी ठेगाना	वडा/घर नं./टोल		गा.वि.स./न.पा.	
Address	Ward/House No./Tole		VDC/Municipality	
जिल्ला		P.o Box No:/District		नागरिकता प्र.नं./जारी भएको जिल्ला
District			Mobile/phone No.	
बाबुको नाम				
Father's Name				
बाजेको नाम				
Grandfather's Name				
पति/पत्नीको नाम				
Husband/Wife's Name				
संरक्षकको नाम (नाबालकको हकमा)				
Guardian's Name (Incase of minor)				

मैले/हामीले यस हकप्रद शेयरको लागि गरेको लगानीको स्रोत बैधानिक हो । नियमन निकायबाट माग भई आएको खण्डमा प्रचलित कानून वमोजिम लगानीको श्रोत उपलब्ध गराउन मञ्जुर गर्दछु/गर्दछौ ।

नोटः १. साविक शेयरधनीले आफ्नो शेयरधनी नं./हितग्राही नं. अनिवार्य रुपले उल्लेख गर्नु पर्नेछ ।
२. DEMAT भएमा शेयरधनीले अनिवार्य रुपमा DPID/Client Id दुवै उल्लेख गर्नुपर्नेछ ।
३. चेक भुक्तान नभएमा दरखास्त फारम स्वतः रद्द हुनेछ र सो को जिम्वेवार निवेदक आफै हुनेछ ।

यस दरखास्त फाराममा भरेको विवरणहरु पूर्ण रुपमा ठिक साँचो हो, यसमा कुनै फरक भएमा म निवेदक स्वयं जिम्मेवार हुनेछु ।

निवेदकको दस्तखत
(Applicant's Signature)

यो रसिद हराई अर्काले भुक्तानी लिई गएमा सो को जिम्मेवार निवेदक स्वयं हुनेछ ।

मार्फतः NIBL CAPITAL
एनआईबिएल क्यापिटल मार्केट्स लि.
(A Subsidiary of Nepal Investment Bank Limited)
पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल, फोनः ४००५०८०, फ्याक्सः ४००५०८४
Email: info@niblcapital.com Website: www.niblcapital.com

रसिद

दरखास्तवालाले भर्नुपर्ने

सि.नं.

शेयरधनी नं./परिचय नं.

Applicant's Name					
Company's Name	**DEVA BIKAS BANK LIMITED**				
No. Of shares Applied		**Call Money per Share**	**Rs.100**	**Amount Deposited**	
Amount in Words					

For Official Use Only:

Code No. ☐☐☐

Received by:

Date:

Stamp

DP ID	
Client ID	

निवेदकको दस्तखत
(Applicant's Signature)

देवः विकास बैंक लिमिटेड

१. संगठित संस्थाको नाम : देवः विकास बैंक लिमिटेड (Deva Bikas Bank Ltd.)

२. संगठित संस्थाको रजिष्टर्ड कार्यालय :

यस विकास बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय काठमाण्डौं महानगरपालिका वडा नं.१, विणामार्ग, लालदरबारमा रहेकोछ ।

३. कारोवार स्थान :

यो विकास बैंक, नेपाल राष्ट्र बैंकबाट “ख” बर्गको इजाजतपत्रप्राप्त राष्ट्रिय स्तरको विकास बैंक भएकोले नेपाल राज्यभर कार्यक्षेत्र रहेकोछ । यसको केन्द्रीय कार्यालय बागमती अञ्चल, काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका-१, लालदरबार, विणा मार्गमा रहेकोछ । यस विकास बैंकले हाल ११ वटा जिल्लाहरु काठमाडौं, ललितपुर, भक्तपुर, काभ्रे, सिन्धुपाल्चोक, धादिङ्ग, पर्वत, चितवन, नवलपरासी, नुवाकोट, रुपन्देहीमा रहेको २७ वटा शाखा, ५ वटा एक्सटेन्सन काउण्टर र ४ वटा सिमित बैंकिङ्ग इकाई सहित ३६ वटा सेवा केन्द्र मार्फत बैंकिङ्ग कारोबार सञ्चालन गर्दै आइरहेको छ । काठमाडौं जिल्लाको लालदरबारमार्ग, न्यूरोड, बालाजु, बसुन्धारा, चावहिल, कोटेश्वर, पुरानो बानेश्वर, काँडाघारी, ललितपुर जिल्लाको टंगल, भक्तपुर जिल्लाको इताछें, काभ्रेपलान्चोक जिल्लाको पाँचखाल, धुलिखेल, बनेपा, कुन्तावेसी, सिन्धुपाल्चोक जिल्लाको मेलम्ची, जलविरे, सुकुटे, धादिङ्ग जिल्लाको मलेखु, धार्के, मझुवा, चरौंदी, महादेववेसी, देवीस्थान, पर्वत जिल्लाको कुश्मा, फलेवास, चितवन जिल्लाको शहिदचोक, चनौली, लंकु, गीतानगर, टाँडी, मंगलपुर, खोलेसिमल, नवलपरासी जिल्लाको गैंडाकोट, आरुङ्गखोला, दलदले, रुपन्देही जिल्लाको खैरेनी (देवदह), नुवाकोटको वटार शाखा कार्यालय मार्फत आधुनिक बैकिङ्ग सेवा कारोवार संचालन गर्दै आईरहेको छ । साथै लघुवित्त कार्यक्रम अन्तर्गत बैकिङ्ग कार्यालय रहेका स्थानहरुमा नवलपरासी, चितवन, रुपन्देही जिल्लामा रहेको शाखा कार्यालयहरुमा मार्फत लघुवित्त वित्तीय सेवा संचालन गर्दै आएको छ तथा अन्य सम्भावित जिल्लाहरु धादिङ्ग, काभ्रे सिन्धुपाल्चोक र पर्वतमा समेत विस्तार गरिनेछ । आवश्यकता अनुसार नेपाल राष्ट्र बैकको स्वीकृति लिई अन्य जिल्ला/क्षेत्रहरुमा शाखा कार्यालय खोलि कारोवार गर्न सकिनेछ ।

४. संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य :

देवः विकास बैंक लिमिटेड, कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६२/११/९/३ गते नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भै, मिति २०६३/९/१८ मा नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोवार गर्न इजाजत प्राप्त गरी, मिति २०६३/३/२९ देखि आफ्नो वित्तीय कारोवार संचालन गरिरहेको छ । यसका संस्थापकहरुमा नेपाल सरकारको प्रशासनिक उच्च तहको कार्यानुभव भएका तथा वित्तीय क्षेत्र, उद्योग व्यवसाय, शैक्षिक क्षेत्र एवं ब्यवस्थापनमा लामो समय देखि दखल भएका प्रतिष्ठित व्यक्तित्वहरु रहेका छन् । नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३, कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित कानूनको अधिनमा रही वित्तीय कारोबार (वित्तीय व्यवसाय) गर्ने यसका मुख्य उद्देश्यहरु देहाय बमोजिम हुनेछन :

क) यस विकास बैंकका निक्षेपकर्ता तथा शेयरधनीको हक हितको संरक्षण र सम्बर्द्धन गर्दै, सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो वित्तीय सेवा उपलब्ध गराउने,

ख) कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यवसायिक रुपले सम्भाब्य देखिएका उत्पादनशील व्यवसायको स्थापना, विकास, विस्तार र क्षमता एवम् उत्पादकत्व बृद्धिका लागि आवश्यक आन्तरिक तथा बाह्य वित्तीय साधन स्रोत जुटाई, देशको औद्योगिक, व्यापारिक, जलविद्युत एवं कृषि क्षेत्रको विकासमा गतिशिलता ल्याउन सहयोग पुऱ्याउने,

ग) उपलब्ध शीप, श्रम तथा पूँजीलाई उचित परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवम् रोजगारीमूलक व्यवसायको स्थापना, सञ्चालन, विकास, विस्तार एवम् प्रबर्द्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई, गरिबी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुऱ्याउने, र

घ) मुलुकमा छरिएर रहेको पूँजीलाई एकीकृत गरी, संस्थागत लगानी तथा स्वस्थ प्रतिस्पर्धाको माध्यमबाट वित्तीय मध्यस्थताको सेवा उपलब्ध गराउने ।

५. शेयर पूँजीको संरचना :

क) अधिकृत पूँजी : यस विकास बैंकको अधिकृत पूँजी रु.१,९२,००,००,०००/- (एक अर्ब बयानव्वे करोड) रहेकोछ । जसलाई प्रति शेयर रु.१००/- अङ्कित मूल्यका १,९२,००,००० कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।

ख) जारी पूँजी : यस विकास बैंकको जारी पूँजी रु.१,३२,१६,३२,११७.०९ (अक्षरेपि एक अर्व बत्तिस करोड सोह्र लाख बत्तिस हजार एक सय सत्र र पैसा नौ मात्र) रहेकोछ । जसलाई प्रति शेयर रु.१००/- अङ्कित मूल्यका १,३२,१६,३२१.१७ कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।

ग) चुक्ता पूँजी : हाल यस विकास बैंकको चुक्ता पूँजी रु.८८,१०,८८,०७८.०६ (अठासी करोड दश लाख अठासी हजार अठहत्तर र पैसा छ मात्र) रहेकोछ, जसलाई प्रति शेयर रु.१००/- अङ्कित मूल्यका ८८,१०,८८०.७८ कित्ता साधारण शेयरमा विभाजन गरिएको छ । स्वीकृत विवरण मार्फत् निष्काशन गरिने हकप्रद शेयर निष्काशन गरी बाँडफाँट गरे पश्चात यस विकास बैंकको चुक्ता पूँजी रु.१,३२,१६,३२,११७.०९ (अक्षरेपि एक अर्व बत्तिस करोड सोह्र लाख बत्तिस हजार एक सय सत्र र पैसा नौ मात्र) हुनेछ ।

६. हकप्रद सेयर निष्काशन गरी बाँडफाँट गरे पश्चात हुने विकास बैंकको चुक्ता पूँजीको संरचना :

समूह	शेयरधनी	शेयर कित्ता	पूँजी संरचना	चुक्ता रकम (रु.)	भुक्तानी प्रतिशत
(क)	संस्थापक	६७,४०,३२३.७९	५१%	६७,४०,३२,३७९.७१	शतप्रतिशत
(ख)	सर्वसाधारण (कर्मचारीहरु समेत)	६४,७५,९९७.३७	४९%	६४,७५,९९,७३७.३७	शतप्रतिशत
	जम्मा	१,३२,१६,३२१.१७	१००%	१,३२,१६,३२,११७.०९	

७. सञ्चालक तथा कार्यकारी प्रमुखको नाम, ठेगाना, शैक्षिक योग्यता तथा अनुभव :

विकास बैंकको संचालक समितिमा हाल देहाय बमोजिमका सञ्चालकहरुले प्रतिनिधित्व गर्नु भएको छ :

सि.नं	नाम र ठेगाना	पद	शैक्षिक योग्यता	व्यवसायमा अनुभव
१.	प्रा.डा.सुवर्णलाल बज्राचार्य १, कुपण्डोल (संस्थापक समूह)	अध्यक्ष	पि.एच.डी.	- यु.एस.एड. प्रोजेक्टहरुमा - कन्सलटेन्ट (फाईनान्स विशेषज्ञ), ए.डि.बी. ब्रिटिश एड, क्यानेडियन कर्पोरेसन, - वर्ल्ड बैंक प्रोजेक्टहरुमा - कन्सलटेन्ट - CEDA मा एशोसिएट प्रोफेसर, - नेशनल ट्रेडिङ्ग लि. मा - जोनल मेनेजर, - त्रि.वि.मा प्राध्यापक रही ३० बर्ष भन्दा बढीको कार्य अनुभव ।
२.	श्री लक्ष्मी प्रसाद श्रेष्ठ प्रतिनिधिः कर्मचारी सञ्चय कोष (संस्थापक समूह)	सञ्चालक	एम.वि.ए.	- कर्मचारी संचय कोषमा लामो समय देखि कार्यरत ।
३.	श्री बज्र गुरुङ्ग प्रतिनिधिः भाटभटेनी सुपर मार्केट तथा भाटभटेनी ज्वेलर्स (संस्थापक समूह)	सञ्चालक	एम.एस्सी.	- नेपाली सेनाको अवकास प्राप्त जर्नेल ।
४.	श्री सुदनरत्न बज्राचार्य (संस्थापक समूह)	सञ्चालक	स्नातक	- भिन्तुना प्रिन्टर्स प्रा.लि. - अध्यक्ष ।
५.	श्री महेश प्रधान (संस्थापक समूह)	संचालक	स्नातक(कानून)	- व्यवसायी ।
६.	श्री भरत बहादुर हमाल (सर्वसाधारण समूह)	संचालक	आई.कम.	- व्यवसायी ।
७.	श्री पुरुषोत्तम श्रेष्ठ (सर्वसाधारण समूह)	संचालक	वि.कम.	- व्यवसायी ।
८.	श्री विजय राज शर्मा भुषाल (सर्वसाधारण समूह)	संचालक	–	- व्यवसायी ।

नोटः नेपाल राष्ट्र बैंकले कायम गरेको विशेषज्ञ सञ्चालक १ (एक) जना नियुक्त हुन बाँकी रहेको छ ।

विकास बैंकको प्रमुख कार्यकारी अधिकृतको नाम, ठेगाना, योग्यता तथा अनुभव सम्बन्धी विवरणः

नाम : श्री विजय बहादुर श्रेष्ठ **ठेगाना** : काठमाण्डौं महानगरपालिका-३२, डिल्लीबजार, घट्टेकुलो **योग्यता** : एम.बि.ए.

अनुभव : (१) नोवेम्वर १९८५ देखि ३१ अगष्ट २००२ सम्म नेपाल इन्भेष्टमेण्ट बैंक लि.मा विभिन्न विभागमा उच्च व्यवस्थापनमा रही कार्य गरेको अनुभव ।

(२) १ अक्टोवर २००२ देखि २०१४ सम्म माच्छापुच्छ्रे बैंक लि.मा सहायक महाप्रवन्धक देखि नायव महाप्रवन्धक सम्मको पदमा रही कार्य गरेको अनुभव ।

(३) विदेशी विनिमय तथा मुद्रा बजार डिलर एशोशियशनको संस्थापक सदस्य तथा अध्यक्षको रुपमा कार्य गरेको अनुभव ।

(४) नेपाल इलेक्ट्रोनिक पेमेन्ट सिष्टम अध्यक्षको रुपमा कार्य गरी सकेको ।

(५) १२ जुलाई २०१४ देखि हाल सम्म देवः विकास बैंक लि. मा प्रमुख कार्यकारी अधिकृत पदमा कार्यरत ।

८. संचालक समितिको बनौट :

यस विकास बैंकको नियमावलीमा भएको व्यवस्था अनुसार ९ (नौ) जना सञ्चालकहरु रहेको सञ्चालक समिति देहाय बमोजिम गठन हुनेछ :

“क” समूहका संस्थापक शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी निर्वाचित सञ्चालकहरु	४ जना
“ख” समूहका सर्वसाधारण शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी निर्वाचित सञ्चालकहरु	४ जना
नेपाल राष्ट्र बैंकले कायम गरेको व्यवसायिक विशेषज्ञबाट मनोनित सञ्चालक	१ जना
जम्मा	**९ जना**

९. निष्काशन गरिने हकप्रद शेयर संख्या र त्यसको अनुपात :

यस विकास बैंकको हाल कायम चुक्ता कुल साधारण शेयर संख्या ८८,१०,८८०.७८ कित्ताको दुई कित्ता शेयर बराबर एक कित्ता शेयर (२ : १) को अनुपातमा (अर्थात् हाल कायम २ (दुई) कित्ता साधारण शेयर बराबर नयाँ १(एक) कित्ता साधारण शेयर) प्रति शेयर रु.१००/- का दरले जम्मा ४४,०५,४४०.३९ कित्ता हकप्रद साधारण शेयर निष्काशन गरिनेछ ।

१०. लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकम तथा हकप्रद शेयरको अनुपात भन्दा बढि शेयर खरिद गर्न पाउने/नपाउने सम्बन्धी व्यवस्थाः

हकप्रद शेयर निष्काशन प्रयोजनको लागि विकास बैंकले हकप्रद शेयर निष्काशन पूर्व सार्वजनिक सूचना मार्फत जानकारी गराएको मिति २०७३/९/१८ सम्ममा शेयर खरिद गरी कायम भएका साविकका शेयरधनीहरुले आफ्नो नाममा कायम रहेको साधारण शेयरको दुई सेयर बराबर एक सेयर (२ : १) को अनुपातमा प्रति शेयर रु.१००/- का दरले हुन आउने एकमुष्ट नगद रकम वा सो बराबरको रकम निष्काशन बैंकमा जम्मा गरेको भौचर वा बैंक ड्राफ्ट संलग्न गरी आवेदन दिन सक्नेछन् । यदि कुनै शेयरधनीले आफ्नो कायम हकको आधारमा हकप्रद शेयर खरिदका लागि आवेदन दिंदा खण्डित शेयर (Fraction Share) मा शेयर संख्या पर्न आएमा माथिल्लो नजिकको शेयर कित्ताको लागि आवेदन दिन सक्नेछ । यसरी माथिल्लो शेयर कित्ताको लागि आवेदन दिने शेयरधनीहरुको हकमा यस हकप्रद शेयर निष्काशनको क्रममा बिक्री नभई बाँकी रहेको शेयरहरुबाट समायोजन गर्ने गरी बाँडफाँट गरिनेछ । यदि यस हकप्रद शेयरको लागि निष्काशन गरिएको सम्पूर्ण शेयरका लागि आवेदन प्राप्त भएमा नेपाल धितोपत्र बोर्डको पूर्व स्वीकृती लिई विकास बैंकको संचालक समितिले माथिल्लो शेयर कित्ता माग गरी दरखास्त दिने शेयरधनीहरुलाई हकप्रद शेयर बाँडफाँट गरिनेछ । यस विवरणपत्र मार्फत निष्काशन गरिने हकप्रद शेयरको लागि आफ्नो कायम हक भन्दा बढी हकप्रद शेयरको लागि दरखास्त दिन पाइने छैन । तर साविकका शेयरधनीले आफ्नो कायम हक भन्दा कम हकप्रद शेयर खरिद गर्न आवेदन दिन सक्नेछ र यसरी आफ्नो हक भन्दा कम हकप्रद शेयर खरिदका लागि आवेदन दिने शेयरधनीहरुको हकमा दरखास्तमा माग गरे बमोजिम नै हकप्रद शेयर बाँडफाँट गरिनेछ ।

११. साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको बिक्री गर्ने सम्बन्धी व्यवस्था :

साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको सम्बन्धमा “धितोपत्र निष्काशन निर्देशिका, २०६५” मा भएको ब्यवस्था अनुसार संचालक समितिले अत्यन्त पारदर्शी तरिका (जस्तै : शिलबन्दी बोलपत्रद्धारा लिलाम बढाबढ) बाट बिक्री गरिनेछ । यसरी बिक्री गर्दा खरिद गर्न चाहने लगानीकर्ता सबैलाई समान अवसर प्रदान गरिनेछ ।

१२. विकास बैंकको विगत तथा आगामी तीन वर्षको प्रक्षेपित वित्तीय विवरणका साथै नेटवर्थ :

वासलात

(रु. हजारमा)

पूँजी तथा दायित्व	वास्तविक			*अपरिष्कृत	प्रक्षेपित		
	आ.ब. ०६९/०७०	आ.ब. ०७०/०७१	आ.ब. ०७१/०७२	आ.ब. ०७२/०७३	आ.ब. ०७३/०७४	आ.ब. ०७४/०७५	आ.ब. ०७५/०७६
१. शेयर पूँजी	५८२,४५१	५८२,४५१	८८१,०८८	८८१,०८८	२,५१६,९६३	२,५१६,९६३	२,५१६,९६३
२. जगेडा तथा कोषहरु	५२,२९१	(१०३,३९७)	१२३,७०६	२५८,९४९	१९५,७६७	२५४,०९४	३३६,०१६
३. ऋणपत्र तथा बण्ड	-	-	-	-	-	-	-
४. तिर्न बाँकी कर्जा सापट	५,८८८	-	-	-	-	-	-
५. निक्षेप दायित्व	४,२४४,८६२	४,६७२,९२३	६,६८८,९३२	७,४७८,४७७	८,२२६,३२५	९,४६०,२७३	११,३५२,३२८
६. भुक्तानी दिनु पर्ने बिलहरु	-	-	२,२३५	-	-	१,०००	१,०००
७. प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभांश	-	-	३,३१५	-	-	२३७,८५३	२७७,४९५
८. आयकर दायित्व	-	-	१,७०४	५८,५२४	१०५,१२०	१२६,९३५	१५४,०३७
९. अन्य दायित्व	५२,४५८	६६,८१९	९५,१८०	१३४,१५४	१७३,१७९	१९२,१५६	२६५,०७४
कुल दायित्व	४,९३७,९५०	५,२१८,७९६	७,७९६,१६१	८,८११,१९२	११,२१७,३५४	१२,७८९,२७४	१४,९०२,९१३

सम्पत्ति	वास्तविक			*अपरिष्कृत	प्रक्षेपित		
	आ.ब. ०६९/०७०	आ.ब. ०७०/०७१	आ.ब. ०७१/०७२	आ.ब. ०७२/०७३	आ.ब. ०७३/०७४	आ.ब. ०७४/०७५	आ.ब. ०७५/०७६
१. नगद मौज्दात	१३२,१४८	१४८,११९	२८१,९२५	३५३,६२०	४२६,५८८	५१६,७५१	५४९,६३३
२. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात	२८९,४४३	२०४,१२६	३०५,४६०	३३४,२०८	४६७,२५५	५६५,७२४	६२४,३७८
३. बैक/वित्तीय संस्थामा रहेको मौज्दात	९२,५७३	१८,९३९	१००,३८५	३१,८६५	४६,७५३	५१,२१६	५६,३३८
४. माग तथा अल्प सूचनामा प्राप्त हुने रकम	६४३,५९९	१,८७७,४४६	१,७४३,०५९	१,७२६,१९१	२,४८०,५८१	२,१०३,८१३	१,९२७,३३८
५. लगानी	१३३,२६२	१५०,५०३	१६५,१४९	१५३,५५७	३५०,०००	४४३,१७३	५४९,०५६
६. कर्जा सापट तथा बिल खरिद	३,३५४,१९५	२,५२२,५५६	४,८५८,५८१	५,८५५,०४२	७,०२६,०५०	८,६४२,०४२	१०,८०२,५५२
७. स्थिर सम्पत्ति	१७८,०३९	१६६,४०९	१८८,६७०	१७६,४३४	१९८,९०२	१४१,०२१	१२७,३९३
८. गैर बैंकिङ्ग सम्पत्ति	-	-	-	-	-	-	-
९. अन्य सम्पत्ति	११४,६९३	१३०,६९७	१५२,९३१	१८०,२७५	२२१,२२४	३२५,५३४	२६६,२२५
कुल सम्पत्ति	४,९३७,९५०	५,२१८७९६	७,७९६,१६१	८,८११,१९२	११,२१७,३५३	१२,७८९,२७४	१४,९०२,९१३

नाफा-नोक्सान हिसाब

(रु. हजारमा)

विवरण	वास्तविक			*अपरिष्कृत	प्रक्षेपित		
	आ.ब. ०६९/०७०	आ.ब. ०७०/०७१	आ.ब. ०७१/०७२	आ.ब. ०७२/०७३	आ.ब. ०७३/०७४	आ.ब. ०७४/०७५	आ.ब. ०७५/०७६
१. व्याज आम्दानी	५७५,८८८	४८८,४८३	४७०,९०२	६६०,७४७	८०९,८२४	१,०३६,६२०	१,२६२,५५०
२. व्याज खर्च	३९५,१७३	३२७,४५७	२५७,७४३	३१८,०२४	३२८,९५३	३८७,८७१	४८८,१५०
खुद ब्याज आम्दानी	१८०,७१५	१६१,०२५	२१३,१६०	३४२,७२३	४८०,८७१	६४८,७४९	७७४,४००
३. कमिशन तथा डिस्काउण्ट	४,४५५	५,८०९	६,८४५	८,३२८	८,११३	१५,०६८	१८,६६८
४. अन्य संचालन आम्दानी	१९,७४९	१९,०७०	२४,८३०	६०,६६८	६९,३१२	६२,७८३	७७,७८३
५. सटही घटबढ आम्दानी	४१८	-	२७०	६५७	७२२	१०००	१०००
कुल संचालन आम्दानी	२०५,३३६	१८५,९०४	२४५,१०५	४१२,३७५	५५९,०१८	७२७,६००	८७१,८५१
६. कर्मचारी खर्च	५१,९६२	५६,९७५	७०,७९२	१०२,१४३	११७,४६४	१३८,६०८	१६६,३३०
७. अन्य संचालन खर्च	७४,१३६	७९,१९०	८०,७९५	११२,८८६	१२४,१७५	१३९,०७६	१५९,९३७
८. सटही घटबढ नोक्सान	-	३०३	-	-	-	-	-
सम्भावित नोक्सानी ब्यबस्था अघिको संचालन मुनाफा	७९,२३८	४९,४३७	९३,५१८	१९७,३४६	३१७,३७९	४४९,९१६	५४५,५८४
९. सम्भावित नोक्सानी	७९,९३०	२०१,४३१	६२,२२८	२५,४१५	(२२,०६३)	३७,६७०	४६,६७०
संचालन मुनाफा/(नोक्सान)	(६९२)	(१५१,९९४)	३१,२९०	१७१,९३१	३३९,४४३	४१२,२४६	४९८,९१४
१०. गैर संचालन आम्दानी/(नोक्सान)	२,०३६	२२,०११	७६९	४२,६५६	४६,०००	५३,१८१	६५,८८७
११. सम्भावित नोक्सानी ब्यबस्थाबाट फिर्ता	-	२१६	२५९,६०१	-	-	-	-
नियमित कारोवारबाट भएको मुनाफा	१,३४३	(१२९,७५९)	२९१,६६१	२१४,५८७	३८५,४४२	४६५,४२७	५६४,८०१
१२. असामान्य कारोवारबाट भएको मुनाफा/(खर्च)	-	(३९२३)	(७११७)	-	-	-	-
अनुदान प्राप्त सम्पत्तिको ह्रास कट्टी रकम आम्दानी	-	-	-	-	-	-	-
सम्पूर्ण कारोवार समावेश पछिको खुद नाफा	१,३४३	(१३३,६८३)	२८४,५४४	२१४,५८७	३८५,४४२	४६५,४२७	५६४,८०१
१३. कर्मचारी बोनस व्यवस्था	१२२	-	२५,८६८	१९,५०८	३५,०४०	४२,३१२	५१,३४६
१४. आयकर ब्यबस्था	(९३६)	२२,०२८	१२,२००	५८,५२४	१०५,१२०	१२६,९३५	१५४,०३७
यस वर्षको	३,३१३	२३,०७३	१४,२७७	५८,५२४	१०५,१२०	१२६,९३५	१५४,०३७
गत वर्षको	-	-	-	-	-	-	-
पर सारिएको आयकर आम्दानी /(खर्च)	(४,२४९)	(१,०४४)	(२,०७७)	-	-	-	-
खुद मुनाफा/(नोक्सान)	२,१५७	(१५५,७११)	२४६,४७६	१३६,५५६	२४५,२८२	२९६,१८०	३५९,४१८
सेयर संख्या (हजारमा)	५८२५	५८२५	८१८१	८८११	२३,३०७.००	२५,१७०.००	२५,१७०.००
प्रति शेयर आम्दानी (रु.)	०.३७	(२६.७३)	३०.१३	१५.५०	१०.५२	११.७७	१४.२८

नेटवर्थ सम्बन्धी विवरण

(रु. हजारमा)

विवरण	वास्तविक			*अपरिष्कृत	प्रक्षेपित		
	आ.ब. ०६९/०७०	आ.ब. ०७०/०७१	आ.ब. ०७१/०७२	आ.ब. ०७२/०७३	आ.ब. ०७३/०७४	आ.ब. ०७४/०७५	आ.ब. ०७५/०७६
चुक्ता पूँजी	५८२,४५१	५८२,४५१	८८१,०८८	८८१,०८८	२,५१६,९६३	२,५१६,९६३	२,५१६,९६३
जगेडा तथा कोषहरु	५२,२९१	(१०३,३९७)	१२३,७०६	२५८,९४९	१९५,७६७	२५४,०९४	३३६,०१६
कुल	६३४,७४२	४७९,०५४	१,००४,७९४	१,१४०,०३७	२,७१२,७३०	२,७७१,०५६	२,८५२,९७९
घटाउने : अपलेखन गर्न बाँकी खर्च (Fictitious Assets)	-	-	-	-	-	-	-
कुल नेटवर्थ	६३४,७४२	४७९,०५४	१,००४,७९४	१,१४०,०३७	२,७१२,७३०	२,७७१,०५६	२,८५२,९७९
शेयर संख्या (हजारमा)	५,८२५	५,८२५	८,१८१	८,८११	२३,३०७	२५,१७०	२५,१७०
प्रति शेयर नेटवर्थ (रु.)	१०८.९७	८२.२४	१२२.८२	१२९.३९	११६.३९	११०.०९	११३.३५
प्रति शेयर चुक्ता पूँजी	१००	१००	१००	१००	१००	१००	१००
नेटवर्थमा औसत प्रतिफल	०.३४	(३२.५०)	२४.५३	११.९८	९.०४	१०.६९	१२.६०
निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल प्रतिशतमा					२७.९०		

*लेखापरिक्षण पूर्वको वित्तीय विवरणको आधारमा ।

नोटः माथि उल्लेखित आर्थिक तथा वित्तीय प्रक्षेपण र विश्लेषण विगत वर्षको कारोवारहरुको आधारमा निष्काशनकर्ता विकास बैंक आफैले तयार पारेको हो । उक्त प्रक्षेपित वित्तीय विवरणहरु यथार्थपरक भएको ब्यहोरा प्रमाणित गर्ने विशेषज्ञमा नवराज थपलिया एण्ड एशोशियट्स, को प्रोप्राईटर (चार्टड एकाउण्टेन्ट्स) श्री नव राज थपलिया, महाराजगञ्ज, काठमाण्डौं रहेकोछ ।

१३. संगठित संस्थाले गर्ने भएको काममा नीहित संभाबित आर्थिक जोखिमहरु :

क) विद्यमान बैंक तथा वित्तीय संस्थाहरुको स्थापना मार्फत उत्पन्न हुने प्रतिस्पर्धाबाट हुन सक्ने जोखिमहरु ।

ख) विकास बैंकले प्रदान गरेको कर्जा तथा सापट खराब कर्जामा परिणत हुन गएमा हुने जोखिम ।

ग) देशको वित्तीय र मौद्रिक नीति तथा वित्तीय संस्था सम्बन्धी नीतिमा नेपाल सरकार तथा नियामक निकायहरुबाट हुन सक्ने अप्रत्याशित नीति नियम परिवर्तनबाट विकास बैंकको मुनाफामा पर्न सक्ने प्रतिकुल प्रभाव ।

घ) देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।

ङ) देशको आर्थिक अवस्थामा आउने उतार चढावबाट हुन सक्ने जोखिमहरु ।

च) निक्षेप तथा कर्जाको ब्याजदरमा आउने परिवर्तन तथा यथा-समयमा कर्जा असुली नभई उत्पन्न हुनसक्ने आर्थिक जोखिमहरु ।

ज) पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु ।

झ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय राजनैतिक परिस्थिति तथा आर्थिक मन्दीबाट पर्न सक्ने जोखिमहरु ।

यस विकास बैंकको सञ्चालनको इतिहास करिव १० (दश) वर्षको रहेको छ । विकास बैंकको कर्जा तथा लगानी खराब भए हुन सक्ने जोखिमहरुको लागि कर्जा जोखिम कोष, लगानीमा सम्भावित हानी नोक्सानी वापतको व्यवस्था जस्ता कोषहरु रहेका छन् । यस विकास बैंकले वित्त बजारमा हुने प्रतिस्पर्धाको लागि जनशक्ति विकासमा आवश्यक ध्यान पुऱ्याएको छ । यस बाहेकका व्यवसायिक जोखिमहरुबाट सिर्जना हुन सक्ने हानी नोक्सानी आदिका लागि व्यवस्थापन चनाखो भइ सो हुन नदिन सक्षम तथा प्रतिबद्ध छ ।

धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिमः रु.१००/- प्रति सेयरका दरले निष्काशन गरिएको सेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले सेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ ।

१४. हकप्रद साधारण शेयर खरिद गर्न चाहने शेयरधनीहरुले पालना गर्नुपर्ने केहि मुख्य कुराहरु :

१) हकप्रद शेयर खरिद गर्नका लागि हकप्रद शेयरको निष्काशन पूर्व विकास बैंकले सार्वजनिक सूचना मार्फत् जानकारी गराइएको मिति सम्ममा शेयर खरिद गरी कायम भएका साविक शेयरधनीहरुले मात्र हकप्रद शेयर खरिद गर्न आवेदन दिन पाउने छन् ।

२) हकप्रद शेयर खरिद गर्नका लागि आवेदन दिँदा आफ्नो नाममा दर्ता रहेको शेयर संख्या, शेयर प्रमाणपत्र नम्बर, शेयरधनी नम्बर तथा आफूले लिन चाहेको हकप्रद शेयर संख्या समेत खोली विकास बैंकले तोकिएको ढाँचाको आवेदन फाराम भरी दरखास्त दिनु पर्नेछ ।

३) आवेदन फाराम अंग्रेजी तथा नेपाली दुवै भाषामा पूर्ण रुपले भर्नु पर्नेछ ।

४) हकप्रद शेयर खरिदका लागि आवेदन दिँदा आफूले लिन चाहेको शेयर संख्या वापत प्रति शेयर रु.१००/- का दरले हुने एकमुष्ट रकम तोकिएको संकलन केन्द्रहरु वा निष्काशन बैंकको खातामा जम्मा गरी सो को सक्कल भौचर साथै राखी आवेदन दिनु पर्नेछ ।

५) संयुक्त नाममा रहेका साविक शेयरधनीहरुले आवेदन दिँदा संयुक्त रुपमा नै हकप्रद शेयर खरिदका लागि दरखास्त दिनु पर्नेछ ।

६) हकप्रद शेयर बाँडफाँट गर्दा जुन समूहको शेयरधनी हो, सो शेयरधनीलाई सोही समूहको शेयरको अनुपातमा बाँडफाँट गरिनेछ ।

७) तोकिएको समयभित्र हकप्रद शेयर खरिदका लागि आवेदन पेश नगर्ने तथा दरखास्त साथ शेयर बापतको रकम दाखिला नगर्ने साविक शेयरधनीहरुले पछि हकप्रद शेयरको लागि कुनै किसिमको दावी गर्न पाउने छैन ।

८) हकप्रद शेयर सम्बन्धी कुनै विवाद भएमा वा परेमा विकास बैंकको सञ्चालक समितिले गरेको निर्णय अन्तिम हुनेछ ।

९) स्वीकृत विवरण मार्फत निष्काशन गरिने हकप्रद साधारण शेयर प्राप्त गर्ने डिम्याट खाता (DMAT Account/BOID No.) भएका आवेदकहरुलाई नीजहरुले चाहेको खण्डमा धितोपत्रको प्रमाणपत्र अभौतिक रुपमा समेत उपलब्ध गराउने ब्यबस्था गरिने हुँदा नीजहरुले शेयर खरिदका लागि आवेदन दिँदा आफ्नो डिम्याट खाता (DMAT Account/BOID No.) समेत आवेदन फाराममा स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ । साथै कुनै पनि शेयरधनीको भौतिक तथा अभौतिक (डिम्याट) रुपमा शेयर कायम रहेको शेयर अनुसार हकप्रद शेयर भर्दा त्यस्ता शेयरधनीको शेयर भौतिक तथा अभौतिक (डिम्याट) जुन रुपमा कायम रहेको भएता पनि एउटै मात्र आवेदन फाराम भरी दरखास्त दिनु पर्नेछ ।

१५. यस विकास बैंकको विगत तीन आर्थिक बर्ष तथा पछिल्लो तीन महिनामा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा भएको शेयर कारोबारको विवरण :

आर्थिक बर्ष	अधिकतम शेयर मूल्य (रू.)	न्युनतम शेयर मूल्य (रू.)	अन्तिम बजार मूल्य (रू.)	शेयर कारोबार संख्या (हजारमा)
०७०/०७१	८६.००	७०.००	७६.००	८८९
०७१/०७२	१९५.००	७१.००	१७६.००	१०८९
०७२/०७३	मर्जर प्रकृयामा रहेको कारण शेयर कारोबार रोक्का रहेको ।			

महिना	अधिकतम शेयर मूल्य (रू.)	न्यूनतम शेयर मूल्य (रू.)	अन्तिम बजार मूल्य (रू.)	शेयर कारोबार संख्या (हजारमा)
२०७३ भाद्र	२५०.००	२१८.००	२२५.००	१५७६५४
२०७३ आश्विन	२५६.००	२२९.००	२५४.००	१८२६९१
२०७३ कार्तिक	२८१.००	२३८.००	२८१.००	२८०३८५

द्रष्टब्यः यस विकास बैंकको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सचेन्ज लिमिटेडले प्रकाशित गर्ने बजार मुल्यसूचीबाट प्राप्त गर्न सकिनेछ ।

१६. शेयर बाँडफाँट सम्बन्धी ब्यबस्था :

स्वीकृत विवरण मार्फत निष्काशन गरिने हकप्रद साधारण सेयर प्रचलित “धितोपत्र निष्काशन निर्देशिका, २०६५” ले निर्धारित गरेको समयभित्र विकास बैंकको सञ्चालक समितिले हकप्रद सेयरको बाँडफाँट गरी सोको प्रमाणपत्र वितरण वा शेयरधनीको हितग्राही खातामा जम्मा गर्न राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशित गरिनेछ ।

१७. शेयर सूचीकरण गराउने सम्बन्धी व्यवस्था :

स्वीकृत विवरण अनुसार साविकका शेयरधनीहरुलाई जारी गरिएका हकप्रद साधारण शेयरहरु बाँडफाँट गरे पश्चात् नेपाल धितोपत्र बोर्डको प्रचलित “धितोपत्र निष्काशन निर्देशिका, २०६५” मा भएको ब्यवस्था अनुसार हकप्रद सेयरको प्रमाणपत्र वितरण वा शेयरधनीको हितग्राही खातामा जम्मा गरी नेपाल स्टक एक्सचेन्ज लिमिटेड, सिंहदरवारप्लाजा, काठमाडौंमा प्रचलित सूचीकरण सम्बन्धी व्यवस्थामा भएको प्रावधान अनुसार सूचीकरण गरी हकप्रद शेयरको खरिद बिक्रीको व्यवस्था मिलाइनेछ । साथै नेपाल धितोपत्र बोर्डमा दर्ता भएको धितोपत्र सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा समेत दर्ता गरिनेछ ।

१८. आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालना गर्नुपर्ने कुराहरु :

यस विकास बैंकको प्रबन्धपत्र तथा नियमावलीमा भएको ब्यबस्था अनुसार साविकका सेयरधनीहरुले आफ्नो हक आंशिक वा पूर्ण रुपमा अन्य ब्यक्तिलाई हस्तान्तरण गर्न पाइनेछ । यसरी आफ्नो हक अन्य ब्यक्तिलाई हस्तान्तरण गर्न “धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३” मा भएको देहायका ब्यबस्था अनुसार उक्त नियमावलीको अनुसूची-६ बमोजिमको ढाँचामा दरखास्त दिई आफ्नो हक अन्य ब्यक्तिलाई हस्तान्तरण गर्न सकिनेछ ।

(क) आफ्नो सम्पूर्ण/आंशिक हक कुनै एक व्यक्ति वा संस्थालाई मात्र प्रयोग गर्न सक्ने,

(ख) मनोनयन भै सेयरको लागि आवेदन गर्दा धितोपत्र बजारको कारोबार इकाई अनुसार हुने,

(ग) हकप्रद सेयर खरिद गर्ने हक अरुलाई मनोनित गर्ने सेयरवालाले अरु सेयरवालाको हक लिई मनोनित हुन नपाइने, तर आफ्नो पूरै हक उपभोग गर्नेले भने अरुको हक समेत मनोनितको रुपमा लिन सकिने,

(घ) कम्पनीको प्रबन्धपत्र, नियमावलीमा भएको व्यवस्था तथा सम्बन्धित नियमनकर्ताले स्वामित्व सिमा तोकेको अवस्थामा पहिले लिएको वा पछि ग्रहण गरिने सेयर समेत कूल सेयर संख्या सो सिमा ननाघ्ने गरी मात्र मनोनित हुनेले सेयरका लागि आवेदन गर्न सकिने,

(ङ) संगठित संस्थाको प्रबन्धपत्र र नियमावलीको व्यवस्था अनुसार स्वामित्व तथा सञ्चालक समिति समूहकृत गरिएको भएमा सोही समूहभित्र रहने गरी मात्र मनोनयन गर्न सकिने र मनोनयन गरेपछि कम्पनीको सेयर स्वामित्वको संरचना र सञ्चालक समितिको बनौटमा परिवर्तन हुने भएमा सम्बन्धित ऐन, नियमले तोकेको स्वामित्व सिमाभित्र रहने गरी परिवर्तन हुने व्यवस्था तथा मताधिकार सम्बन्धी स्पष्ट व्यवस्था भएको,

(च) प्रचलित कानून अनुरुप मनोनित हुने व्यक्ति वा संस्था कालो सूचीमा नरहेको तथा अयोग्य समेत नभएको,

(छ) हकप्रद सेयर विक्री खुल्ला भएको अवधिभित्र आफ्नो हक अरुलाई प्रयोग गर्न दिन व्यवस्था गरिएको ।

१९. हकप्रद शेयर जारी गर्नुको उद्देश्य :

१) नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम राष्ट्रिय स्तरका विकास बैंकले पुऱ्याउनु पर्ने चुक्ता पूँजी पुऱ्याउन र सो को लागि हकप्रद शेयर निष्काशन गरी पूँजी संकलन गर्न ।

२) यस विकास बैंकको पूँजीगत योजना बमोजिमको पूँजी पुऱ्याउने उद्देश्य अनुरुप विशेष साधारण सभाबाट २ : १ को अनुपातमा हकप्रद शेयर जारी गरी पूँजी वृद्धि गर्ने निर्णय गरेकोले सोही बमोजिम पूँजी संकलन गर्न ।

३) यस विकास बैंकले सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवं आर्थिक गतिविधिलाई विस्तार गर्नका लागि आवश्यक पूँजी संकलन गर्न ।

४) यस विकास बैंकको प्रबन्धपत्रमा उल्लेख गरिएको उद्देश्यहरु अनुरुप शाखा विस्तार गरी कारोवार वृद्धि गर्न आवश्यक पूँजी जुटाउन, र

५) यस विकास बैंकको निक्षेपकर्ताहरुको हितको संरक्षणलाई सर्वोपरी राख्नको लागि पूँजी संकलन गरी यसको स्थितिलाई बढी मजबुत तुल्याइ राख्न ।

२०. निष्काशनबाट प्राप्त कुल रकम सम्बन्धमा वित्तीय रुपमा स्पष्ट खुलेको उपयोग योजना सहितको विवरण :

यस “हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरण अनुसार हकप्रद शेयर जारी गरी प्राप्त हुने पूँजी विकास बैंकबाट देहाय बमोजिम उपयोग गरिने योजना रहेको छ ।

क्र.सं.	विवरण	रकम (रु.हजारमा)
१.	तरलता कायम गर्न नेपाल राष्ट्र बैंकमा कायम गरिने मौज्दात	८८,१०९/-
२.	कर्जा तथा लगानी प्रवाह	३३०,४०८/-
३.	सरकारी ऋणपत्र	२२,०२७/-
	जम्मा	४४०,५४४/-

२१. निष्काशन बैंक (Banker to the Issue) सम्बन्धी ब्यवस्था :

यस हकप्रद साधारण शेयर निष्काशनको लागि देहाय बमोजिमका बैंकहरुलाई निष्काशन बैंकको रुपमा नियुक्त गरिएको छ :

सि.नं.	निष्काशन बैंकको नाम, ठेगाना	खाता नं.
१.	श्री नेपाल इन्भेष्टमेण्ट बैक लिमिटेड, दरवारमार्ग, काठमाण्डौ	००१०१०१०३२३३३८
२.	श्री कुमारी बैंक लिमिटेड, पुतलीसडक, काठमाण्डौं	०१२४५२४६१५३३००१६

उपरोक्त निष्काशन बैंकमा दरखास्त फाराम वितरण गर्ने तथा बुझिलिने ब्यवस्था गरिएको छैन ।

२२. हकप्रद शेयर बिक्री खुल्ला अवधि :

हकप्रद शेयरको लागि दरखास्त लिने कार्य कम्तिमा पैंतिस दिनका लागि खुल्ला राखिनेछ । सो समयावधि भित्र सम्पूर्ण हकप्रद शेयरको लागि आवेदन नपरेमा नेपाल धितोपत्र बोर्डको “धितोपत्र निष्काशन निर्देशिका, २०६५” को अधिनमा रहि आवेदन खुल्ला भएको मितिले बढीमा साठी दिनसम्मका लागि खुल्ला राख्न सकिनेछ ।

२३. हकप्रद शेयर खरीदका लागि दरखास्त पाइने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरुका साथै “हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु” प्राप्त गर्न वा हेर्न सक्ने स्थानहरु :

१.	श्री एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाण्डौ ।
२.	श्री देवः विकास बैंक लिमिटेड, केन्द्रीय कार्यालय लालदरबार तथा शाखा तथा सेवा केन्द्रहरुः धुलिखेल, कोटेश्वर, नारायणगढ, टंगल, पाँचखाल, न्यूरोड, मलेखु, कुश्मा, बट्टार, भक्तपुर, बालाजु, बानेश्वर, मेलम्ची, धार्के, जलविरे, बसुन्धारा, गैंडाकोट, आरुङ्गखोला, दलदले, टाँडि, खोलेसिमल, चनौली, लंकु, गीतानगर, देवदह, मंगलपुर, चावहिल, काँडाघरी, कुन्तावेशी, बनेपा, मझुवा, महादेववेशी, चरौदी, फलेबास र सुकुटे ।
३.	श्री नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेडको शाखा कार्यालयहरु पोखरा, विराटनगर र विरगंज ।
४.	श्री गुडविल फाईनान्स लिमिटेडको शाखा कार्यालयहरु नेपालगंज र इटहरी ।

हकप्रद निष्काशनको क्रममा ड्राफ्ट संलग्न गरी दरखास्त दिन पाइने र यसरी दरखास्तवालाहरुले दरखास्त दिन चाहेमा सेयर निष्काशन बन्द हुने अघिको मितिसम्ममा एनआईबिएल क्यापिटल मार्केटस लिमिटेडको नाममा खिचिएको एकाउण्टपेयी (A/c Payee) ड्राफ्ट साथ शेयरको दरखास्त फाराम नेपाल सरकार, हुलाक सेवा मार्फत रजिष्ट्री गरी एनआईबिएल क्यापिटल मार्केटस लिमिटेड, लाजिम्पाट, काठमाण्डौंमा पठाएको निवेदनलाई मात्र बाँडफाँटमा समावेश गरिनेछ । शेयर बिक्री बन्द भएको १५ (पन्ध्र) दिनपछि प्राप्त ड्राफ्ट र आवेदन फारामलाई बाँडफाँटमा समावेश गरिने छैन ।

२४. संचालकहरुले हकप्रद शेयर वापतको रकम जम्मा गरेको सम्बन्धमा :

यस विकास बैंकको आधारभुत शेयरधनीहरु तथा संचालकहरुले हकप्रद शेयर वापत जम्मा रु.१३,७३,१०,४००/- भुक्तानी गरिएको व्यहोरा अवगत गराउंछौं ।

हकप्रद शेयरको बिक्री खुल्ला अवधि :

निष्कासन खुल्ला मिति : २०७३/१०/९ गते

निष्कासन बन्द हुने मिति : २०७३/११/१५ गते (बैकिङ्ग समय पश्चात्)

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः

NIBL CAPITAL

एनआईबिएल क्यापिटल मार्केट्स लि.

(A Subsidiary of Nepal Investment Bank Limited)

पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल, फोनः ४००५०८०, फ्याक्सः ४००५०८४
Email: info@niblcapital.com Website: www.niblcapital.com

यस हकप्रद शेयर निष्काशन सम्बन्धमा कुनै लगानीकर्ताहिरूको गुनासो सुन्न तथा त्यसको समाधानको लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाण्डौंमा सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ ।

दरखास्तवाला उपस्थित हुन नसकेमा मात्र

देवः विकास बैंक लिमिटेड
Deva Bikas Bank Limited
काठमाण्डौं महानगरपालिका वडा नं. १, विणा मार्ग, लालदरबार, नेपाल
फोन नं. : ०१-४२५६७१७, ४२५६६५७, फ्याक्स नं. ०१-४२५३४५९, ४२५१६५३

विषय : मञ्जुरीनामा सम्बन्धमा

म/हामी आफैं उपस्थित हुन नसकेकोले मेरो/हाम्रो नाममा आवेदन गरेको .... कित्ता हकप्रद शेयर प्रतिशेयर रु. १००/- का दरले जम्मा रु. .... (अक्षरेपी रु. ....) मध्ये बाँडफाँटमा .... कित्ता हकप्रद शेयर परेकोले बाँकी रु. .... (अक्षरेपी रु. ....) र सो को शेयर प्रमाणपत्र श्री .... हस्ते पठाई दिनुहुन अनुरोध गर्दछु/गर्दछौं । निजलाई भुक्तानी/शेयर प्रमाण-पत्र दिनु भएमा पछि कुनै बाधा बिरोध गर्ने छैन/छैनौं । गरे यसै कागजले बदर गरिदिनु भएमा मेरो/हाम्रो मञ्जुरी छ ।

भवदीय,

निवेदकको दस्तखत :- ....

मञ्जुरीनामा पाउनेको दस्तखत :- ....

निवेदकको नाम :- ....

मञ्जुरीनामा पाउनेको नाम :- ....

यो रसिद हराई अर्कालेे भुक्तानी/शेयर प्रमाणपत्र लिई गएमा सो को जिम्मेवार निवेदक स्वयं हुनेछ ।